# स्थानीय राजपत्र

## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भागः २ संख्या १२, मिति २०८२ माघ २९ गते

**भाग–२**
**तिनाउ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०७।१३ को निर्णय बमोजिम संशोधन भएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तिनाउ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका,२०८०को

**(प्रथम संशोधन), २०८२**

तिनाउ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका,२०८० लाई थप प्रभावकारी बनाउन, गाउँपालिकामा हुने नियमित कार्यमा हुने खर्च थप गरी निर्देशित गर्न तथा सुशासन कायम गर्न तिनाउ गाउँपालिकाको तिनाउ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका,२०८०को लाई संशोधन गर्न वाञ्छनीय भएकोले गाउँपालिकाको मिति २०८२।०५।१३ को निर्णय तथा तिनाउ गाउँपालिकाको प्रशासकीय कार्य तथा (नियमित गर्ने) ऐन २०७६ को दफा ४ ले दिइएको अधिकार प्रयोग गरी तिनाउ गाउँपालिकाले यी कार्यविधी जारी गरेको छ ।

१. यस कार्यविधिको नाम तिनाउ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८० को (प्रथम संशोधन), २०८२ हुनेछ ।
२. तिनाउ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका,२०८० मा निम्न संशोधनहरु गर्ने,

i. निर्देशिकाको परिच्छेद ३ को दफा ५ को (ख) मा अतिरिक्त समयको खाजा खर्चको लागि विद्युत्तीय हाजिरीको रेकर्ड र सम्पादित कार्यको प्रमाणित प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

ii. निर्देशिकाको परिच्छेद ३ को दफा ६ को उपदफा (१) को (क),(ख) र (ग) मा उल्लेखित रकम रु. पन्ध्र,दश र दश हजार लाइ हटाई क्रमशः पच्चीस,बीस र पचास हजार कायम गर्ने ।

iii. परिच्छेद ४ को दफा ७ को उपदफा (४) मा सात दिन सम्मको भ्रमण आदेश प्रमुख प्रशासकीय अधिकृत स्वयंले स्विकृत गर्न बाधा पर्ने छैन भनि प्रतिबन्धात्मक वाक्यांश थप गर्ने ।

iv. परिच्छेद ५ को दफा ८ को उपदफा ( ७) मा मोटरसाइकल वा स्कुटरको लागि बार्षिक **दश हजार** नबढ्ने गरि मर्मत खर्च उपलब्ध गराईनेछ भन्ने बाक्याशमा दश हजार हटाई **पच्चीस** हजार कायम गर्ने । र अन्तिममा कार्यालयले सरकारी सवारी साधन उपलब्ध गराउन नसकेको अवस्थामा निजी साधन प्रयोग गर्ने कर्मचारीको खटनपठन ,आवश्यकता तथा औचित्यताको आधारमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक निर्णय गर्न सक्नेछ ।

v. परिच्छेद ६ को दफा (१२) को (२) मा शाखा प्रमुखहरुलाइ स्रोतको उपलब्धता एकिन गरि सुनिश्चित भएमा मासिक पाँच सय सञ्चार सुविधा उपलब्ध गराउने बाक्यांश थप गरि कायम गर्ने ।

vi. परिच्छेद ६ को दफा १२ को उपदफा (१२) को (२) मा शाखा प्रमुखहरुलाइ स्रोतको उपलब्धता एकिन गरि सुनिश्चित भएमा मासिक पाँच सय सञ्चार सुविधा उपलब्ध गराइनेछ । भन्ने बाक्यांश थप गर्ने ।

vii. परिच्छेद १० पछि परिच्छेद ११ मा पदपूर्ती समितिको सुविधा सम्बन्धमा कायम गर्ने ।

परिच्छेद ११

तिनाउ गाउँपालिकाको करारमा पदपूर्ति सम्बन्धी प्रक्रियामा संलग्न जनशक्तिलाई देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ।

| सि. न. | विवरण | रकम रु. |
|---|---|---|
| १ | प्रश्नपत्र निर्माण प्रति सेट बस्तुगत | प्रति सेट रु १०००।०० |
| २ | प्रश्नपत्र मोडरेशन | रु ८००।०० |
| ३ | केन्द्राध्यक्ष | रु ९००।०० |
| ४ | सहायक केन्द्राध्यक्ष | रु ६००।०० |
| ५ | निरीक्षक | रु ४००।०० |
| ६ | सहयोगी कर्मचारी | रु ३००।०० |
| ७ | उत्तर पुस्तिका कोडिङ/ डिकोडिङ | रु २ कोडिङ, रु २ डिकोडिङ |
| ८ | उत्तर पुस्तिका परीक्षण | रु ३० प्रति उत्तर पुस्तिका |
| ९ | अन्तरवार्ता हुने तह छैठौँ/सातौ/ आठौँ तह | रु १०००।०० |
| १० | अन्तरवार्ता हुने राजपत्र अनंकित सबै श्रेणी | रु १०००।०० |

आज्ञाले,
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका